# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४६ फाल्गुन २०५९ वर्ष १९ अङ्क ११

## धम्मवाणी

*अत्तदीपा विहरथ अत्तसरणा अनञ्ञसरणा ।*
*धम्मदीपा धम्मसरणा अनञ्ञसरणा ।*

दी.नि. २.१६५, महापरिनिब्बानसुत्त

**स्वयं आफ्नो द्वीप बनेर, स्वयं आफ्नो शरण ग्रहण गर, अन्यको शरण नगएर स्वयं विहार गर । धर्मको द्वीप बनेर धर्मको शरण ग्रहण गर, अन्य कसैको शरण ग्रहण नगर ।**

# भगवान सुगत हुनुहुन्थ्यो

**क्रमश**.........

भगवानको रात्रिचर्या तीन भागमा बाँडिएको हुन्थ्यो । साँझको धर्मचर्चा पछि भगवान स्नान गरेर चीवर लगाई त्यस मुहूर्त्त भरी एक्लै बसीरहनुहुन्थ्यो । त्यसपछि भिक्षुहरू आएर उहाँलाई वरिपरि घेरेर बस्थे । कसै कसैको प्रश्नको उत्तर दिनुहुन्थ्यो कसै कसैलाई कर्मस्थान अर्थात साधना विधिको स्पष्टीकरण दिनुहुन्थ्यो, कसैकसैलाई लगनका साथ काम गर्नको लागि प्रोत्साहित गर्ने र कहिले काँही धर्म देशना दिनुहुन्थ्यो । यसरी रातको पहिलो प्रहर पूरा हुन्थ्यो । उपस्थित भिक्षुसंघ अभिवादन गर्दै आ-आफ्नो निवासस्थानमा गएर विश्राम गर्न जान्थे ।

रातको दोस्रो प्रहरमा विभिन्न देव ब्रह्म लोकका देव-ब्रह्माहरू मध्ये कोही कोही आउँथ्यो र भगवान संग धर्म चर्चा गर्दथ्यो । भगवान उनीहरूको प्रश्नको यथोचित उत्तर दिएर रातको यो मध्य भाग यसरी बिताउँथ्यो ।

रातको तेस्रो प्रहर अर्थात अन्तिम प्रहरलाई तीन भागमा बाँड्नुहुन्थ्यो । पहिलो भागमा शरीरलाई स्वस्थ राख्नको लागि बाहिर खुल्लामा चंक्रमण गर्नुहुन्थ्यो । दोस्रो भागमा गन्धकुटीमा गएर दायाँ करवटले सिंह सय्यामा, स्मृति-संप्रज्ञान सहीत लेतेर शरीरलाई आराम दिनुहुन्थ्यो । तेस्रो भागमा उठेर फेरि बुद्ध आसनमा मौन बस्नुहुन्थ्यो र महाकरुणा समापतिमा निमग्न रहेर बस्नुहुन्थ्यो । आजको धर्म-शिक्षा को पूण्यशाली व्यक्तिलाई दिऊँ ? भनेर चिन्तन गर्दै उसको प्रति करूणाको बर्षा गर्नु हुन्थ्यो । यस प्रकार मिरमिरेसम्ममा रातको अन्तिम चर्या बिताउनु हुन्थ्यो । यसरी सुगतको मौन ध्यान पनि लोक-कल्याणको भावले ओत-प्रोत रहन्थ्यो, बोल्ने समयको कुरा नै छोडौं ।

खाने, पिउनेसमय, मल-मूत्र त्याग गर्ने समय, निद्रा र थकाई मेट्ने समय बाहेक अन्य समयमा तथागतको धर्म देशना अखण्ड हुन्थ्यो । धर्ममा तथागतको व्याख्या अखण्ड नै हुन्थ्यो, तथागतको प्रश्नको उत्तर पनि अखण्ड नै हुन्थ्यो ।

कहिले काहीं एकान्तमा ध्यान गर्न जानु हुन्थ्यो, त्यस समयमा पनि लोक-कल्याणको भावना जागेकै हुन्थ्यो । उहाँले भन्नुभयो- म अरण्यमा र वन मार्गमा एकान्त शयनासन यसैले गर्छु जसबाट कि-

**अत्तनो च दिट्ठधम्मसुखविहारं सम्पस्समानो ।**

- स्वयंलाई पनि परम सत्य साक्षात्कार गर्नुको सुख प्राप्त होस् । र

**पच्छिमञ्च जनतं अनुकम्पमानो**

- भविष्यका जनता प्रति पनि अनुकम्पा होस् ।

(म.नि. १.५५, भयभेखसुत्त)

अनुकम्पा यही कि उनी झैं मुक्त भएका व्यक्ति पनि ध्यान गर्छन् भन्ने सुनेर भविष्यका अमुक्त जनताले ध्यान गर्ने प्रेरणा प्राप्त गरून र यस प्रति श्रद्धा रहुन् ।

उहाँको रात्रीचर्या सुयोग्य थियो, उहाँको दिनचर्या सुयोग्य थियो, उहाँको जीवनचर्या सुयोग्य थियो । उहाँको समस्त कायिक, वाचिक, मानसिक चर्या सुयोग्य थियो । उहाँ बोल्नु हुँदा मौन रहनु हुँदा सुयोग्य थियो । यसैकारण उहाँ सुगत हुनुहुन्थ्यो ।

जो सुगत हुनुहुन्थ्यो, उहाँ तथागत हुनुहुन्थ्यो । यी दुबै पर्यायवाची शब्दहरू हुन् । भगवानको सारा गुण यी दुई शब्दमा समेटिएका छन् । भगवान स्वयंले सुगतको व्याख्या गर्नु हुँदै सम्झाउनु भयो-

**कतमो च, भिक्खवे, सुगतो** - भिक्षुहरू, को सुगत हो ? स्वयंले उत्तर दिनुहुँदै भन्नुभयो-

**इध, भिक्खवे, तथागतो लोके उप्पज्जति** - भिक्षुहरू, यहाँ लोकमा तथागत उत्पन्न हुनु भएको छ ।

फेरि तथागतको व्याख्या गर्नु हुँदै भन्नुभयो-

**अरहं, सम्मासम्बुद्धो, विज्जाचरणसम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो, पुरिसदम्मसारथि, सत्था देवमनुस्सानं बुद्धो भगवा ।**

र फेरि भन्नुभयो-

**अयं भिक्खवे, सुगतो**- भिक्षुहरू यही सुगत हो ।



Downloaded from http://www.dhamma.digital